नेपाल सरकार

गृह मन्त्रालय

फोन: ०१-४५११७७६

# नेपाल प्रहरी प्रधान कार्यालय

## केन्द्रीय अनुसन्धान ब्यूरो

(पिलर-१)

पो.ब.नं.४०७

लाजिम्पाट, काठमाडौं

पत्र संख्या: २०८१/०८२ च.नं. मिति: २०८१/१२/०१ गते।

प्रा.प.सं. :

## प्रेस विज्ञप्ति-३०

## "हत्या, श्रृंखलाबद्द डकैती र लुटपाट गर्ने गिरोह पक्राउ"

❖ **पक्राउ व्यक्तिको विवरण:**



नाम थर: विकाश,मोटे,अर्जुन भन्ने बुद्धिमान तामाङ

उमेर: ४१ बर्ष

वतन: जिल्ला सिन्धुपाल्चोक कर्थली गा.वि.स. हाल बाहबिसे न.पा. वडा नं. ०२

पक्राउ मिति: २०८१/१२/०१ गते

पक्राउ स्थान: जिल्ला ललितपुर ललितपुर म.न.पा. वडा नं. १९ लगनखेल।

**बरामद दशी प्रमाणहरु:-**

१. मोबाईल थान -२।

२. सिमकार्ड थान -२।

❖ **पक्राउ प्रतिवादी बुद्धिमान तामाङको अपराधिक पृष्ठभूमी:**

- जिल्ला प्रहरी परिसर काठमाण्डौमा मिति २०६१/१२/०६ गते डलर ठगी सम्बन्धी कसूरमा मुद्दा दर्ता भई फरार रहेको।
- जिल्ला प्रहरी परिसर ललितपुरमा मिति २०६२/११/२२ गते डाँका चोरी सम्बन्धी कसूरमा मुद्दा दर्ता भई ६ वर्ष सजाय भुक्तान गरेको।
- ईलाका प्रहरी कार्यालय बाहबिसेमा मिति २०७८/१०/१२ गते शान्ति सुव्यबस्था तथा नैतिकता विरूद्धको कसूरमा मुद्दा दर्ता भई सजाय भुक्तान गरेको।

**बुद्धिमान तामाङको योजना तथा संलग्नता घटित अपराधिक घटनाहरु :**

**१. कर्तव्य ज्यान (गुल्मी)**

मिति २०७९/१०/१४ गते रातको अं.२३:३० बजेको समयमा जिल्ला बाग्लुङ बडिगाड गा.पा. वडा नं. ३ सिसाखानी घर भई हाल जिल्ला गुल्मी मुसिकोट नगरपालिका वडा नं. ७ न्वारा स्थित कृष्णहरी सापकोटाको घर भाडामा गंगा नामको होटल संञ्चालन गरि बस्ने बर्ष ५८ की गंगा भन्ने गोपाल कुमारी शेरचनलाई निजकै होटलमा हात, खुट्टा र मुखमा कार्टुन टेपले बाधी गर- गहना र नगद लुटी हत्या गरी फरार रहेको घटना।

**२. डाँका चोरी (काभ्रेपलाञ्चोक, फस्कोट)**

मिति २०७९/०७/२७ गते अ.१९:०० बजेको समयमा जिल्ला काभ्रेपलाञ्चोक धुलिखेल न.पा. वडा नं. ९ फस्कोटमा बिक्रम तामाङको श्रीमती बेली तामाङ आफ्नो घरमा बसि रहेको अवस्थामा भोटमाग्न आएका मानिसहरू हौं भनि घर बाहिर बोलाई

निज बुद्धिमान तामाङ सहित ४ (चार) जना पुरूष मनिसहरू घर भित्र कोठामा पसि धारिलो हतियारले प्रहार गरि डोरीले बाँधी नगद ,गहना समेत डाँका गरेको । *(निज बुद्धिमान तामाङ सहित ४ जनाको संलग्नता)*

**३. डाँका चोरी (काभ्रेपलाञ्चोक, चौकोट)**

मिति २०८१/०४/३१ गते राती अ. १२:०० बजेको समयमा जिल्ला काभ्रेपलान्चोक पनौती नगरपालिका वडा नं. ५ चौकोट स्थित रहेको ग्रिन हिल नेवा खाजा तथा खाना घरमा निज बुद्धिमान तामाङ सहित तिन जना कालो नकाप लगाई उक्त होटल संचालक धर्म गोपाल श्रेष्ठलाई धारीलो हतियार देखाई नगद.रु. ४० हजार नगद लुटपाट गरेको । *(बुद्धिमान तामाङ र निजको सहोदर दाई विर बहादुर तामाङ सहित ३ जनाको संलग्नता)*

**४. डाँका चोरी (काभ्रेपलाञ्चोक, टनचोक)**

मिति २०८१/१०/०४ गते राती अ. २४:०० बजेको समयमा जिल्ला काभ्रेपलान्चोक, बनेपा न.पा.३ टनचोक डाँडामा बस्ने वर्ष ३२ को लोप्चन लामाको घरमा निज बुद्धिमान तामाङ सहित ४ जना, मुखमा माक्स लगाइ आएका व्यक्तिहरु घर भित्र प्रवेश गरी धारिलो हतियार दराज भित्र रहेको मोवाईल थान-३, नगद, गर-गहना र धनमाल लुटपाट गरेको । *(बुद्धिमान तामाङ र निजको सहोदर दाई विर बहादुर तामाङ सहित ४ जनाको संलग्नता)*

**५ . डाँका चोरी (काभ्रेपलाञ्चोक, रेडक्रस टोल)**

मिति २०८१/१०/१३ गते राती अ. ०१:०० बजेको समयमा जिल्ला काभ्रेपलान्चोक, बनेपा न.पा. ४ रेडक्रस टोलमा बस्ने अन्दाजी वर्ष ३० को सुकान्त बम्जनको १ तल्ले पक्कि घरमा सेतो माक्स, कालो टोपी, कालो कपडा लगाई घर भित्र प्रवेश गरी धारिलो हतियार देखाइ सुनको गरगहना तथा नगद धनमाल लुटपाट गरेको । *(बुद्धिमान तामाङ र निजको सहोदर दाई विर बहादुर तामाङ सहित ४ जनाको संलग्नता)*

**साथै, घटनामा संलग्न जि. सिन्धुपाल्चौक बाह्रबिसे न.पा.-०२ कर्थली स्थाई वतन भएको बर्ष ५० को बुद्धिमान तामाङको सहोदर दाई विर बहादुर तामाङ, जि. उदयपुर कटारी न.पा.-१४ स्थाई वतन भएको बर्ष ३७ को राजु कुमार दनुवार र जि. ओखलढुङ्गा खिजिफलाटे गा.पा.-९ वतन भएको बर्ष ५२ को बर्मेली राजेश भन्ने महेश कुमार खड्का लाई बिभिन्न मितिमा पक्राउ गरी आवश्यक कानुनी कारवाहीको लागि विर बहादुर तामाङ लाई जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक र राजु कुमार दनुवार र बर्मेली राजेश भन्ने महेश कुमार खड्का लाई ईलाका प्रहरी कार्यालय बनेपा, काभ्रेपलाञ्चोक पठाईएको ।**

**त्यसैगरी, निज बुद्धिमान तामाङको सहोदर कान्छो भाई चमेरे भन्ने शिव कुमार तामाङ गुल्मी कर्तब्य ज्यान कसुरमा पुर्पक्षको लागी हाल कारागारमा रहेको ।**

**(पक्राउ प्रतिवादी बुद्धिमान तामाङलाई आवश्यक कानुनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकमा पठाईएको ।)**

**सुधिर राज शाही**
**(प्रहरी उपरीक्षक)**
**प्रवक्ता एवं सूचना अधिकारी**
**सम्पर्क नं. : ९८५१२९१३११**